# निकासी क्षमता कमजोर हुँदा व्यापार घाटा उच्च

**प्रस्तुति:** कारोबार संवाददाता **मिति:** 2012-03-25 **सम्बन्ध:** अर्थ

काठमाडौं, ११ चैत
निकासी क्षमता कमजोर हुँदा नेपालको द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय व्यापारमा घाटा बढिरहेको एक अध्ययनले देखाएको छ । साउथ एसिया वाच वन टेड, इकोनोमिक्स एन्ड इन्भारन्मेन्ट (सावती) ले गरेको नेपाल भारत व्यापार, दक्षिण एसियाली स्वतन्त्र व्यापार क्षेत्र (साफ्टा) र सार्क व्यापार तथा सेवासम्बन्धी सम्झौता (स्याटिस) को अध्ययन प्रतिवेदनमा एक दशकदेखि व्यापार घाटा क्रमशः बढिरहेको उल्लेख छ ।

सावतीका प्रमुख कार्यकारी निर्देशक डा. रत्नाकार अधिकारीले भारतसँग व्यापार हिस्सा वृद्धि भएसँगै आयातको तुलनामा निकासी नहुनु र निकासी भएको वस्तुको मूल्य अभिवृद्धि कम हुँदा व्यापारमा लाभ नभएको बताए । "भारतसँगको व्यापारमा नेपालको प्रतिस्पर्धी निर्यात क्षमताबाहेक गैरभन्सार अवरोध, भन्सार नाकाको प्रक्रियागत झन्झट, क्वारेन्टाइनलगायतका समस्या निकासि खस्किरहेको अध्ययनले देखाएको छ," उनले भने ।

सावतीले अमेरिकी सहयोग नियोगको नेपाल इकोनोमिक, एग्रिकल्चर एन्ड टे्रड (निट) एक्टिभिटिजको सहयोगमा गरेको अध्ययन प्रतिवेदनहरू सार्वजनिक गर्दै विशेषगरी नेपालको भारतसँगको व्यापार निर्भरता बढिरहेको जनाएको छ ।

भारतले नेपालबाट कच्चा पदार्थ आयात गरी त्यही कच्चा पदार्थमा मूल्यअभिवृद्धि गरी पुनः नेपालमै निकासी गरिरहेको अध्ययनमा उल्लेख छ । कच्चा पदार्थलाई प्रशोधन गर्ने, मूल्य अभिवृद्धि गर्ने पर्याप्त व्यापार पूर्वाधार र जनशक्ति अभावले स्रोत साधनको उपयोग गर्न नसकेको प्रतिवेदनमा जनाइएको छ । नेपालको आन्तरिक समस्याले बाह्य व्यापारबाट फाइदा लिन नसकेको राष्ट्रिय योजना आयोगका उपाध्यक्ष दिपेन्द्रबहादुर क्षेत्रीले बताए । "नेपालले डब्लुटीओ, साफ्टा, बिमस्टेक लगायतका बहुपक्षीय, क्षेत्रीय र विभिन्न मुलुकसँगको द्विपक्षीय सम्झौताबाट लाभ लिन सकेन, तत्कालै व्यापार घाटा कम हुने सम्भावना पनि छैन," उपाध्यक्ष क्षेत्रीले भने ।

सावतीले सार्वजनिक गरेको अध्ययन प्रतिवेदनमा भारतले नेपाललाई दिएजस्तै निकासिमा शून्य भन्सार सुविधा अन्य मुलुकलाई पनि दिने हो भने भारततर्फ नेपालको निकासी अझै घट्ने देखिएको छ । "नेपालको निकासी खस्कदै जानुमा बजार प्रतिस्पर्धी क्षमता भएको वस्तु उत्पादन तथा निकासी गर्न नसक्नु, ऊर्जा संकट, पर्याप्त स्रोत साधन र पूर्वाधारको अभाव, गुणस्तर जाँच गर्ने आधुनिक प्रयोगशालाको अभावलगायतका कारण रहेका छन्," अध्ययन प्रतिवेदनमा भनिएको छ । वाणिज्य तथा आपूर्ति सचिव लालमणि जोशीले नेपालले अन्तर्राष्ट्रिय बजारमा निकासीमूलक वस्तुको प्रतिस्पर्धि क्षमता वृद्धि गरी बजार विविधीकरण गर्न नसक्दा आयात र निर्यातको हिस्सामा सन्तुलन हुन नसकेको बताए ।

नेपालले विश्वव्यापार संगठनको (डब्लुटीओ) मा गरेको प्रतिबद्धताअनुसार भारतीय कृषि उपजमाथि लगाउँदै आएको कृषि सुधार शुल्क (एग्रिकल्चर रिफर्म ट्याक्स) सन् २०१३ सम्म हटाउनुपर्छ । शुल्क हटेपछि भारतीय कृषिउपज नेपालको तुलनामा सस्तो हुने भएकाले शुल्क घटाएपछि नेपाली उत्पादनको बजार प्रतिस्पर्धी क्षमता गुम्ने प्रतिवेदनमा उल्लेख छ ।

भारत सरकारले कृषि उत्पादनमा अनुदान दिएकाले नेपाली कृषिउपजको तुलनामा भारतको उत्पादन लागत कम छ । नेपालले पनि कृषिमा अनुदान दिएर कृषि उत्पादन प्रतिस्पर्धी बनाउने व्यवस्था ल्याउनुपर्ने अध्ययनको सुझाव छ । यसबाहेक नेपालले विशेष आर्थिक क्षेत्र (सेज) को मस्यौदा छिट्टै पारित गरी आन्तरिक र बाह्य लगानीकर्तालाई विश्वास दिलाउनुपर्ने अध्ययनमा उल्लेख छ ।